# एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** आधुनिक प्रविधिहरूको प्रयोग गरी बाली उत्पादनोपरान्त हुने क्षतिको न्यूनीकरण गर्न र सस्तो मूल्यमा गणुस्तरीय कृषि उपज उपभोक्ताहरूलाई उपलब्ध गराउनको साथै अन्तराष्ट्रिय बजारमा समेत नेपाली कृषि उत्पादनको प्रतिस्पर्धात्मक क्षमता बढाउने सन्दर्भमा प्रदेश नं. ३ ले आ.व. २०७६/७७ को वार्षिक बजेटमा समावेश भएको निजि क्षेत्र/सहकारी सँगको सहकार्यमा एकिकृत फलफूल प्रशोधन केन्द्र विस्तार तथा विकास सहयोग गर्नको लागि प्रदेश सरकार, प्रदेश नं. तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "**एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "**अनुदानग्राही**" भन्नाले छनौट भएका कृषि सहकारी संस्था,कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमीलाई सम्झनु पर्छ ।

(ख) "**अनुदान**" भन्नाले पूर्वाधार निर्माणका लागि सहयोग उपलब्ध गराइने नगद अनुदान रकम सम्झनु पर्छ ।

(ग) "**आवेदक**" भन्नाले योग्यता पुगी एकीकृत फलफूल प्रशोधन केन्द्र निर्माण गर्न अनुदान मागका लागि प्रस्ताव पेश गरेका कृषि सहकारी संस्था,कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमीलाई सम्झनु पर्छ ।

(घ) "**कार्यक्रम**" भन्नाले नीजि/सहकारीसँगको सहकार्यमा ५० प्रतिशत अनुदानमा एकिकृत फलफूल प्रशोधन केन्द्र (किवी) विस्तार तथा विकास बारे स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "**केन्द्र**" भन्नाले निर्देशनालय अन्तर्गतको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ ।

(च) "**निर्देशनालय**" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) "**प्रशोधन केन्द्र**" भन्नाले बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्न कृषि उपज धुने, पखाल्ने, स्तरीकरण गर्ने, छाट्ने, प्रिकुलीङ गर्ने, भौतिक, जैविक तथा रासयिनिक प्रदुषण हटाउने, आधारभूत कच्चा पदार्थ तयार गर्ने, डिग्रिनिंग गर्ने, फल पकाउने, रोगकिरा नष्ट गर्ने, तातो वा चिसो उपचार गर्ने, ग्रेडिंग गर्ने, सुकाउने, प्रशोधन गर्ने ( जुस, वाईन आदी), प्याक गर्ने, गुणस्तर परिक्षण गर्ने, लेवल लगाउने, बार कोड टास्ने, सफ्टवेयर, सूचना प्रणाली नियन्त्रण कक्ष,



मा. दावा दोर्जे लामा
मन्त्री

प्रमाणीकरण गर्ने मेसिन, औजार उपकरण सहितको भवन वा संस्थालाई सम्झनु पर्छ ।

(ज) **"पोष्टहार्भेष्ट भण्डारण संरचना"** भन्नाले कृषि उपजको उत्पादन स्थलबाट उपभोक्ता सम्म पुर्याउने काममा क्षति न्यूनीकरण गर्न आवश्यक पर्ने विभिन्न संरचनाहरू जस्तैः बाली कटानी पछि उत्पादन स्थलमा नै छोटो समयको लागि राखिने भण्डारण (Pre-cooling shed), सङ्कलन केन्द्र, गोदाम घर, शीतघर, पल्पिङ सेन्टर आदिलाई सम्झनु पर्छ ।

(झ) **"प्रस्ताव"** भन्नाले उच्च एकीकृत फलफूल प्रशोधन केन्द्र निर्माणका लागि अनुदान पाउन पेश गरेको आवेदन विवरण सम्झनु पर्छ ।

(ञ) **"परियोजना"** भन्नाले प्रशोधन केन्द्र संरचना निर्माणलाई सम्झनु पर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. ३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ठ) **"मूल्याङ्कन समिति"** प्रस्ताव मूल्याङ्कन गर्न गठित दफा ४ बमोजिमको मूल्याङ्कन समितिलाई सम्झनु पर्छ ।

(ड) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुसारको कृषि उत्पादन तयार गरी उपभोक्ताहरूलाई स्वच्छ, ताजा, भरपर्दो, गुणस्तरीय कृषि वस्तुहरू आन्तरिक साथै बाह्य बजारमा समेत नेपाली कृषि उत्पादनको पहुँच बढाउन सहयोग पुर्याउने,

(ख) प्रशोधनको लागि आवश्यक पर्ने सामग्री तथा औजार प्रयोग गरी गुणस्तरीय कृषि उत्पादनको साथै क्षति न्यूनीकरण गर्न सहयोग पुर्याउने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न निर्देशनालयमा तपशिल बमोजिमको मूल्याङ्कन समिति गठन गरिनेछः-

(क) प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत, निर्देशनालय — संयोजक
(ख) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय — सदस्य
(ग) बरिष्ठ बागवानी विकास अधिकृत/अधिकृत, निर्देशनालय — सदस्य
(घ) प्रमुख, आर्थिक प्रशासन शाखा, कृषि विकास निर्देशनालय, — सदस्य
(ङ) ईञ्जिनियर, निर्देशनालय — सदस्य
(च) कानुन अधिकृत, मन्त्रालय (सम्भव भए सम्म) — सदस्य
(च) प्रमुख, खरिद इकाई, निर्देशनालय — सदस्य सचिव



मा. दावा दोर्जे लामा
मन्त्री

(२) मूल्याङ्कन समितिले बढीमा तीन जना सम्म विषय विज्ञलाई मूल्याङ्कन समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूची -१ मा तोकिएको मूल्याङ्कन मापदण्डहरुको आधारमा मूल्याङ्कन गरी सिफारिशको लागि निर्देशनालयमा पेश गर्ने,

(ख) मूल्याङ्कन सामितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्ने,

(ग) सञ्चालित कार्यको अनुगमन गरी कार्यन्वयनको सम्बन्धमा मार्गदर्शन र प्राविधिक सेवा दिने ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन

५. **कार्यक्रम लागु हुने क्षेत्रः** आ.व. २०७६/०७७ मा यो कार्यक्रम रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र दोलखा जिल्लाबाट प्रतिस्पर्धाको आधार एक स्थानमा सञ्चालन गरिनेछ । आगामी वर्षहरुमा कार्यक्रमको संभाव्यता, प्रभावकारिता तथा बजेट व्यवस्थाको आधारमा अन्य जिल्लाहरुमा समेत विस्तार गर्न सकिनेछ ।

६. **सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः** (१) यस कार्यविधि अनुरुप सम्भाव्य र आवश्यक जिल्लाहरुमा एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापना कार्यमा सहयोग पुर्याउन अनुदान दिने उद्देश्यले निर्देशनालयले तीस दिनको म्याद दिइ राष्ट्रिय पत्रिकामा अनुसुची -२ अनुसारको सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए अनुरुप आवेदकले अनुसूची -३ अनुसारको आवेदन, अनुसूची -४ अनुसारको प्रस्ताव र अनुसूची -५ अनुसारको प्रतिबद्धता पत्र सहित अनुसूची -३ मा उल्लेखित सबै कागजातहरु संलग्न गरी आवेदन सहित निर्देशनालयमा प्रस्ताव पेश गर्न वा दर्ता गर्न सक्नेछन् ।

(३) प्रस्ताव पेश गर्दा प्रशोधन केन्द्रको डिजाइन, लागत इष्टिमेट, मेशिनरी औजार आदि समेटी विस्तृत प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ।

७. **प्रस्तावको जानकारीः** निर्देशनालयले छनौट गरेका प्रस्तावको जानकारी सम्बन्धित अनुदानग्राहीहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ ।

८. **सम्झौताः** (१) अनुदानग्राहीहरुलाई निर्देशनालयले सम्झौता गर्न आउन पन्ध्र दिनको समयावधि दिई जानकारी गराउनु पर्छ ।



मा. दावा दोर्जे लामा
मन्त्री

(२) उपदफा (१) बमोजिमको अनुदानग्राहीसँग निर्देशनालयले अनुसूची -६ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(३) छनौट भएका प्रस्तावदाताहरुले पेश गरेको कार्ययोजनाको आधारमा र एकिकृत फलफूल प्रशोधन केन्द्र स्थापनाको लागि आवश्यक पर्ने न्यूनतम क्रियाकलापहरु समिटिने गरी लागत ईष्टिमेट तयार पारी सम्झौतामा उल्लेख गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने अनुदानग्राहीको स्वतः छनौट रद्द भएको मानी दोस्रो प्राथमिकता प्राप्त अनुदानग्राहीलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद -४
## आर्थिक पक्ष

९. **अनुदान रकम स्वीकृतिः** (१) प्रशोधन केन्द्र निर्माण गर्नका लागि छनौट भएका आवेदकहरुलाई स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधि भित्र रही कूल लागत रकमको भवन, मेशिनरी औजार, कम्पाउंड वाल लगायतको विषय बढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(२) अनुदानग्राहीले व्यहोर्ने पर्ने रकम अन्य कुनै/संघ संस्था/स्थानिय तह/निकायबाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ ।

१०. **कन्टिन्जेन्सीः** यस कार्यक्रम सञ्चालन गर्नको लागि कार्यक्रमको कूल एक प्रतिशत रकम कन्टिन्जेन्सी बापत राख्न सकिनेछ । सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता आदिमा खर्च गरिनेछ ।

११. **अनुदान प्रवाह विधिः** (१) अनुदानग्राहीले निर्माण तथा खरिद कार्य गरीसके पछि बिल विजक, स्वीकृत कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिकको निरिक्षण तथा भुक्तानी सिफारिसको आधारमा निर्देशनालयले नियमानुसार बढीमा तीन किस्तामा रकम भुक्तानी गरिनेछ।

(२) प्रत्येक किस्ता अनुदान रकम बैंक खाता मार्फत उपलब्ध गराइनेछ ।

## परिच्छेद -५
## अनुगमन तथा मूल्याङ्कन

१२. **अनुगमन तथा मूल्याङ्कनः** (१) प्रशोधन केन्द्र निर्माण कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्र, फार्म तथा सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार गर्न सक्नेछन् ।



डा. दावा दोर्जे लामा
मन्त्री

(२) कार्यक्रम सञ्चालन पश्चात अनुसूची -७ बमोजिमको उपलब्धि अनुगमन सूचकका आधारमा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गरिनेछ ।

१३. **प्रगति प्रतिवेदन पठाउनु पर्नेः** अनुदानग्राहीले अनुसूची -८ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## विविध

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१६. **कारवाहीको व्यवस्थाः** अनुदानग्राहीले अनुदान दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -१
(दफा ४ सँग सम्बन्धीत)
**प्रस्ताव मूल्याङ्कनका आधारहरू**

| क्र.स. | मूल्याङ्कनका आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| १. | निर्माण गरिने संरचनाको लागि प्रस्तावित जमिनको उपयुक्तता | २५ | जग्गाको प्रमाणपत्र पेश गर्ने |
| १.१ | पर्याप्त तथा उपयुक्त जमिन भएको | २५ | |
| १.२ | पर्याप्त तथा उपयुक्त जमिनको सम्भावना भएको | २० | |
| १.३ | अपर्याप्त तथा अनुपयुक्त जमिन भएको | १५ | |
| २. | निर्माण गरिने संरचनाको आकार/क्षमता | १५ | प्रस्तावमा उल्लेख गर्ने |
| २.१ | ठूलो क्षमता ...............के.जी./ क्विन्टल/टन | १५ | |
| २.२ | मझौला क्षमता...............के.जी./ क्विन्टल/टन | १० | |
| २.३ | सानो क्षमता ...............के.जी./ क्विन्टल/टन | ५ | |
| ३. | प्रस्तावकको आर्थिक क्षमता | १५ | Bank statement वा letter of intent पेश गर्ने |
| ३.१ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने क्षमता भएको | १५ | |
| ३.२ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना देखिएको | १० | |
| ३.३ | कार्यविधिमा उल्लेख भए अनुसारको लगानी गर्नसक्ने सम्भावना न्यून देखिएको | ५ | |
| ४. | प्रस्तावकको प्रकार | १० | प्रस्तावमा उल्लेख गर्ने |
| ४.१ | कृषि सहकारी | १० | |
| ४.२ | कृषि फर्म/कम्पनी/उद्यमी | ९ | |
| ५. | कहाँबाट कच्चा पदार्थ पाउने हो सोको विवरण | २० | प्रस्तावमा उल्लेख गर्ने |
| ५.१ | स्पष्ट | २० | |
| ५.२ | ठिकै | १५ | |
| ५.३ | न्यून सम्भावना | १० | |
| ६. | भौतिक सुविधा (सडक, विजुली, खानेपानी, आदि अवस्था | १५ | स्थानीय तहको सिफारिश पत्र |
| ६.१ | सबै आधारभूत भौतिक सुविधा उपलब्ध भएको | १५ | |
| ६.२ | आंशिक आधारभूत भौतिक सुविधा उपलब्ध भएको | १० | |
| ६.३ | आधारभूत भौतिक सुविधा उपलब्ध नभएको | ५ | |
| | **जम्मा** | १०० | |

पुनश्च : मूल्याङ्कनको क्रममा न्यूनतम ५० अंङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरुलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अंङ्क प्राप्त गर्नेलाइ सिफारिस गर्नु पर्नेछ । साथै समान अंङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाइ प्राथमिकता दिइनेछ

अनुसूची -२

(दफा ६ सँग सम्बन्धित)

**एकीकृत फलफूल प्रशोधन केन्द्र निर्माण गर्न अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०.../..../....

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडाको आ.व .......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापना कार्यक्रम अन्तर्गत एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापनाको लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा............................. जिल्लाका ईच्छुक कृषि फार्म, कृषि कम्पनी, कृषि उद्यमी र कृषि सहकारी संस्थाबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र अनुसूची -३ आवेदन र सोही अनुसूचीमा माग गरेका कागजातहरु संलग्न राखी निर्देशनालयमा आवेदन एवम् प्रस्ताव दर्ता गर्नु हुन अनुरोध छ।

पुनश्चः एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ को बेवसाईट www.molmac.p3.gov.np वा कृषि विकास निर्देशनालयको बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

नेपाल सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -३

(दफा ६ सँग सम्बन्धीत)

<u>आवेदन फारम</u>

श्रीमान् प्रमुखज्यू,                                                                 मितिः

कृषि विकास निर्देशनालय, हेटौंडा, मकवानपुर ।

विषयः एकीकृत फलफूल प्रशोधन केन्द्र स्थापना अनुदान सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा तहाँ निर्देशनालयबाट एकीकृत फलफूल प्रशोधन केन्द्र निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत (आवेदकको नाम तथा ठेगाना) .................................... ले सञ्चालन गर्ने परियोजनाको व्यवसायिक योजना तयार गरी आवश्यक अन्य कागजात सहित अनुदान सहयोगको लागि निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/छौं । मैले/हामीले यस कार्यक्रम अन्तगर्त अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छु/छौं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छु/छौं ।

<u>संलग्न कागजातहरु</u>

१. रु १०।- को टिकट टाँसेको अनुसूची -२ अनुसारको निवेदन,
२. नेपाली नागरिकताको प्रतिलिपि,
३. संस्था दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,
४. बैठक निर्णयको प्रतिलिपि,
५. जमिनको लालपूर्जाको प्रतिलिपि घटिमा ५ रोपनी हुनुपर्ने (आवेदककै नाममा भएपनि वा लिजमा लिएको भएपनि),
६. लिजमा लिएको जमिनको करार पत्र,
७. आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार,
८. आवेदकको बैक मौज्दातको विवरण वा बैकले लगानी उपलब्ध गराउने प्रतिबद्धता पत्र ।
९. प्रस्तावित जमिनमा सडक, पानी तथा विजुली रहे/नरहेको प्रमाणको कागजात,
१०. अनुसूची -३ अनुसारको व्यवसायिक योजना/प्रस्ताव,
११. आवेदकले आफू कलो सूचीमा सुचीकृत नभएको स्वघोषणा पत्र,
१२. कच्चा पदार्थ कहाँबाट पाउने /ल्याउने हो सोको विवरण,
१३. अनुसूची -५ अनुसारको प्रतिबद्धता पत्र ।

<u>निवेदक</u>

नामः

पदः

आवेदकको नामः

ठेगानाः

छापः

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची -४

(दफा ६ सँग सम्बन्धीत)

**प्रस्तावको ढाँचा**

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण:

| | |
|---|---|
| आवेदकको नाम: | |
| पूर्ण ठेगाना (पत्रचारको लागि): | |
| आवेदकको किसिम (कुनै एक मात्र चिन्ह लगाउने) | १.कृषि सहकारी<br>२.कृषि फर्म<br>३.कृषि कम्पनी<br>४. कृषि उद्यमी |
| संस्था दर्ता भएको मिति: | |
| स्थायी लेखा नं.: | |
| संस्थाको मुख्य उद्देश्य: | |
| प्रोपाइटरको वा अध्यक्षको नाम: | |
| मोबाइल नं.: | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कुल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| अन्य स्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के-के उद्देश्यक लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस् | |

२. प्रस्तावनाको औचित्य तथा महत्त्व:

औचित्य:

महत्त्व:



मा. दावा दोर्जे लामा
मन्त्री

तालिकाः ...........................को हालको व्यवसायको अवस्था

| क्र.सं. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कुल अनुमानित आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| जम्मा | | | | | |

३. अनुदानग्राहीले लागत साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधिः

४. परियोजनाका मुख्य मुख्य क्रियाकलापहरु :

| क्र.सं. | क्रियाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. वार्षिक आम्दानी र खर्च विश्लेषण (तालिका बनाई आम्दानी र खर्चको विश्लेषण गर्नुहोस्)

निस्कर्षः प्रस्तावित परियोजनामा वार्षिक रुपमा ...............के.जी. .............प्रशोधन गरिने र उत्पादित वस्तुको बिक्रि वितरण बाट वार्षिक रु. ...............कुल आम्दानी गरिने योजना



मा. दावा दोर्जे लामा
मन्त्री

बनाइएको छ। फारमको प्रस्तावित योजना अनुसार वार्षिक रु. ...................... मुनाफा हुने र लाभ लागत अनुपात ............... रहने छ ।

६. लागत साझेदारीः

यस संस्थाले सञ्चालन गर्ने यो परियोजनाको कुल लागत करिब रु. .................अनुमान गरिएको छ जसमध्ये अनुदान उपलब्ध गराउने संस्थाको लागत रु. ........................अपेक्षा गरिएको छ जुन कूल लागतको ........प्रतिशत मात्र हो ।

तालिकाः लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क.स. | विवरण | वार्षिक खर्च (रु.) | अनुदान उपलब्ध गराउने संस्थाको (रु.) | अनुदानग्राहिको लागत (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

तालिकामा प्रस्तुत भए अनुसार पूँजीगत कार्यक्रमहरु सञ्चालन (स्थिर पूजीँ निर्माण) गर्न मात्र अनुदान रकम माग गरिएको हो । यसरी लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न पाएको खण्डमा यस फर्मले आफ्ना अपेक्षित उपलब्धिहरु हाँसिल गर्नेछ । वार्षिक .............के.जी. प्रशोधन गरी ..................बिक्रि वितरण गर्न सकिनेछ । साथसाथै व्यवसाय सञ्चालन मार्फत वार्षिक रुपमा ..............जनालाई नियमित र ........जना/दिनको रोजगारी उपलब्ध गराउने र वार्षिक रु. ........रकम मुनाफा लिन सकिने भयको हुँदा लागत साझेदारीमा यो प्रस्ताब अनुसारको कार्यक्रमहरु सञ्चालन गर्न मनासिब देखिन्छ ।

मा. ताशी दोर्जे लामा
मन्त्री

अनुसूची -५

(दफा ६ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र**

कृषि विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौडा, मकवानपुरको मिति २०७.... को सूचना अनुसार एकीकृत फलफूल प्रशोधन केन्द्र निर्माण गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताको लागि व्यवसायिक योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५(पाँच) वर्ष सम्म निरन्तरता दिनेछु/छौं ।व्यवसायिक योजना अनुसारको कार्य नगरेमा वा ५(पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा ऐन कानून बमोजिम सहुँला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

इति सम्वत् २०७............................... गते रोज ............................... शुभम्.

नाम:

ठेगाना:

दस्तखत:

मिति:

छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसुची -६

(दफा ८ सँग सम्बन्धित)

<u>सम्झैता-पत्र</u>

कृषि विकास निर्देशनालय, हेटौडा, मकवानपुरबाट सञ्चालन गरिने चालु आ.व................को एकीकृत फलफूल प्रशोधन केन्द्र निर्माण कार्यक्रम सञ्चालन गर्न मिति.......................मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस निर्देशनालयको मिति...........................को निर्णयले जम्मा लागत रु................................ (अक्षरेपी ....................................................मात्र) मध्ये निर्देशनालयबाट अनुदान रकम रु ..........................(अक्षरेपी ....................................................................मात्र) हुने गरी कृषि विकास निर्देशनालय, हेटौडा (पहिलो पक्ष भनिने), र ......................... कृषि सहकारी/कृषि फार्म/ कृषि कम्पनि/कृषि उद्यमी (दोश्रो पक्ष भनिने) का बीच तपशील अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका शर्तहरु पालना गर्ने मञ्जुर गर्दै यो सम्झौता गरी १/१ प्रति बुझिलियौं/दियौं ।

<u>शर्तहरु</u>

१. यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागू भएको मानिनेछ ।
२. दोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरू सम्झौता भएको मितिदेखि १५ दिनभित्र सुरु गर्नुपर्नेछ ।
३. प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा तीन किस्तामा सम्झौता बमोजिमको रकम दोश्रो पक्षबाट प्राप्त बिल विजक, स्वीकृत कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिकको निरिक्षण तथा भुक्तानी सिफारिसको आधारमा उपलब्ध गराउनु पर्नेछ ।
४. प्रथम पक्षले किस्ता भुक्तानी गर्दा सम्बन्धित विषय प्राविधिकको प्रतिवेदन र आवश्यकतानुसार आयोजनाको निरीक्षण गरी रकम भुक्तानी गर्नेछ ।साथै अनुदान रकम उपलब्ध गराउँदा अनुदानग्राहीको तर्फबाट कृषि यन्त्र उपकरण खरिद तथा वितरण गरेको प्रमाणित बिल भरपाईको आधारमा गरिनेछ ।
५. दोश्रो पक्षले निर्माण हुने परियोजनाको विवरण, लागत, सम्पन्न अवधि, निर्माण गर्ने ठेकेदारको विस्तृत विवरण इत्यादि झल्किने होर्डिङबोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ।
६. दोश्रो पक्षले आफ्नो परियोजनाको बिमा गराउनु पर्नेछ ।
७. परियोजना निर्माण सम्पन्न भइसकेपछि सोको सञ्चालन लगायत मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ । दोश्रो पक्षले कम्तीमा ५ वर्षसम्म अविच्छिन्न रूपमा सम्झौता बमोजिमको प्रशोधन केन्द्र सञ्चालन गर्नुपर्नेछ ।
८. प्रस्तुत कृयाकलापहरू तोकिएको अबधि भित्र सम्पन्न गर्नुपर्नेछ ।
९. दोस्रो पक्षले सम्पन्न कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनु पर्नेछ ।
१०. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

११. कार्य सञ्चालनका क्रममा मन्त्रालय तथा मातहतका निकायहरु बाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१२. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरू प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

<u>पहिलो पक्षको तर्फबाट</u>

नाम, थर :

पदः

दस्तखतः

मितिः

कार्यालयको नाम र छापः

<u>दोश्रो पक्षको तर्फबाट</u>

नाम, थर :

पदः

दस्तखतः

मितिः

संस्थाको नाम र छापः

<u>साक्षीहरु</u>

नाम, थर :

पदः

दस्तखतः

मितिः

कार्यालयको नाम र ठेगाना :

नाम, थर :

पदः

दस्तखतः

मितिः

संस्थाको नाम र ठेगाना :

मा. दावा दोर्जे लामा
मन्त्री

अनुसूची-७

(दफा १२ सँग सम्बन्धित)

उपलब्धि अनुगमन सूचक

१. अनुदानग्राहीको नाम, ठेगाना:..............................................................

२. दर्ता नं...........................

३. सञ्चालन गरेको व्यवसाय :

४. व्यवसायको प्रकारः नयाँ........./ पुरानो.............

५. लाभान्वित घरधुरी परिवार संख्या:.............

६. प्रदेश सरकारबाट अन्य कार्यमा अनुदान प्राप्तः हो...... / होइन........

७. जम्म सञ्चित पूजी वा बचतः................

८. हाल प्राप्त अनुदानको प्रकारः चालुमात्र.........../ पुँजीगत मात्र......../ दुवै..........

९. रोजगारीको अवस्थाः महिला............. पुरुष.............

१०. हालको व्यवसायिक विवरणः

| क्र.सं. | सञ्चालित मुख्य क्रियाकलापहरू | जम्मा लागत | अनुदानग्राहीको तर्फबाट रु | सम्बन्धित निर्देशनालयको तर्फबाट रु | मुख्य क्रियाकलापले पारेको सकारात्मक प्रभाव वा मुख्य उपलब्धि |
|---|---|---|---|---|---|
| क. | चालु खर्च सँग सम्बन्धित | | | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| | जम्मा | | | | |
| ख. | पुँजीगत खर्च सँग सम्बन्धित | | | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |



मा. दावा दोर्जे लामा
मन्त्री

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | | |
| ग. | चालु+ पुजीगत ( कूल जम्मा) | | | | |

जम्मा लगानी रु............................

लागत सहभागिता रु............................

अनुदान प्राप्त रु.................................

११. अनुदानग्राहीले आफ्नै पहलमा गरेका कृषि व्यवसायिकरनाका मुख्य मुख्य कार्यहरु:

१२. आगामी योजनाहरू:

संस्थाको नाम र छाप :

मिति :

अनुसूची -८

(दफा १३ सँग सम्बन्धित)

**प्रगति प्रतिवेदनको ढाँचा**

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

कार्यक्रम सञ्चालन अवधिः

| क.स. | कार्यक्रमको नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

कार्यक्रम प्रमुख

दस्तखतः

नामः

पदः



मा. दावा दोर्जे लामा
मन्त्री